धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क १२३ ◆ २०८३ मंसिर २ बुधबार ◆ Wednesday, November 18, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

मन्त्री श्रेष्ठ र भारतीय राजदूत दलेलाबीच शिष्टचार भेट

❑ *प्रत्यूष समाचारदाता*



काठमाडौं । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र नेपालका लागि भारतीय राजदूत सुधाकर दलेलाबीच शिष्टाचार भेटवार्ता भएको छ ।

सिंहदरबारस्थित मन्त्रालय मा मंगलबार भएको भेटका क्रममा मन्त्री श्रेष्ठले राजदूत दलेलालाई सफल कार्यकालको शुभकामना दिँदै नेपाल-भारतबीचको द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन ऊर्जा तथा जलस्रोतका क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिनुभयो । भेटमा भूमिगत जलस्रोत को पुनर्भरण सम्बन्धी अध्ययन तथा अनुसन्धानमा दुई देशबीच सहकार्य गर्ने विषयामा छलफलमा भएको थियो । त्यस्तै, अन्तरदेशीय विद्युत् प्रसारण पूर्वाधार विस्तारको सम्भावना, निर्माणाधीन परियोजना लाई निर्धारित समयमै सम्पन्न गर्ने तथा विद्युत् निर्यातको सीमा बढाउन आवश्यक सहजीकरण गर्ने विषयमा पनि विचार विमर्श भएको थियो ।

यसैगरी, उहाँहरुबीच नेपालमा सौर्य ऊर्जाको विकास र विस्तारका लागि भारतीय पक्षसँग सहकार्य गर्ने सम्भावनाबारे समेत छलफल भएको थियो । भेटमा दुवै पक्षले ऊर्जा तथा जलस्रोतका क्षेत्रमा आपसी सहकार्यलाई थप प्रभावकारी बनाउँदै द्विपक्षीय हितका आयोजनालाई गति दिनुपर्नेमा जोड दिएका थिए ।

धादिङमा बढी आयकर बुझाउने तीन करदाता सम्मानित

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । आन्तरिक राजस्व कार्यालय गल्छीले बढी आयकर दाखिला गरी राजस्वमा योगदान पुऱ्याउने तीन करदातालाई सम्मान गरेको छ ।

राष्ट्रिय कर दिवसका अवसरमा गल्छी गाउँपालिकाको सभाहलमा आयोजित कार्यक्रममा आर्थिक वर्ष २०८१/८२ को आय विवरणका आधारमा करदाता सम्मान गरिएको हो । सम्मानित हुनेमा बेनीघाट रोराङ गाउँपालिका-६ स्थित सदाज्योति सप्लायर्सका प्रोपाइटर उज्वल कुमार थपलिया, नीलकण्ठ नगरपालिका-३ स्थित स्रोत परिचालन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको तर्फबाट संस्थाकी अध्यक्ष कविता थापा र धुनीबेँसी नगरपालिका-५ स्थित एच.एस.मल्टी एग्रो प्रालिका सञ्चालक शिवहरि आचार्य रहेका छन् । सम्मानपत्रमा आर्थिक वर्ष २०८१/८२ को आय विवरणअनुसार बढी आयकर दाखिला गरी राष्ट्रिय विकासमा योगदान पुऱ्याएकाले सम्मान गरिएको उल्लेख छ । सम्मानित करदाताबाट अन्य करदातालाई समेत प्रेरणा मिल्ने अपेक्षा गरिएको छ ।



'कर न्याय र सुशासनको सुनिश्चितता : समृद्धिमा नागरिक सहभागिता' भन्ने नारासहित आयोजित कार्यक्रममा गल्छी गाउँपालिकाका अध्यक्ष केदारनाथ खतिवडा, नुवाकोट उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजेन्द्र श्रेष्ठ तथा धादिङ उद्योग वाणिज्य सङ्घका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो । कर दिवसकै अवसरमा बिहान गल्छी र बैरेनी बजारमा प्रभातफेरीसमेत गरिएको थियो । कार्यक्रममा करदाता, उद्योगी, व्यवसायी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र विद्यार्थी सहभागी भएका थिए । राष्ट्रिय कर दिवसका अवसरमा मंगलबारदेखि ७ गतेसम्म धादिङमा करसम्बन्धी अन्तरक्रिया तथा अन्य कार्यक्रम सञ्चालन गरिने आन्तरिक राजस्व कार्यालय गल्छीका प्रमुख कर अधिकृत प्रेमप्रकाश शाहीले जानकारी दिनुभयो ।

चिनियाँ दूतावासले बलान बिहुलमा शैक्षिक तथा स्वास्थ्य सामग्री सहयोग

सप्तरी । चिनियाँ दूतावासले बलान बिहुल गाउँपालिकामा शैक्षिक तथा स्वास्थ्यसम्बन्धी सामग्री सहयोग गरेको छ ।

गाउँपालिकामा चिनियाँ दूतावासका राजनीतिक तथा प्रेस विभाग प्रमुख युकियान चेङको उपस्थितिमा मंगलबार उक्त सामग्री हस्तान्तरण गरिएको हो ।

चिनिया राजदुतावासको 'भाइबरेन्ट भिलेज' कार्यक्रम अन्तर्गत गाउँ पालिका-६ स्थित जागेश्वर गहराई जनता माध्यमिक विद्यालयलाई ११० सेट बेञ्च/डेस्क, विद्यालयका एक हजार १०० विद्यार्थीका लागि एक हजार १०० थान शैक्षिक सामग्री र एउटा वासिङ मेसिन हस्तान्तरण गरिएको विद्यालयका प्रधानाध्यापक भोला यादवले जानकारी दिनुभयो ।

त्यसैगरी, सोही अवसरमा गाउँपालिकाभित्र रहेका बर्थिङ सेन्टरका लागि १२ थान एयर कन्डिसनर (एसी) तथा वडा कार्यालयका लागि शुद्ध खानेपानी उपलब्ध गराउने प्लान्ट लगायतका विभिन्न सामग्री समेत सहयोग गरिएको बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवले बताउनुभयो । दूतावासको सहयोगले गाउँ पालिकाका विद्यालयमा शैक्षिक सुविधा विस्तार हुनुका साथै बर्थिङ सेन्टरको सेवा प्रवाह र स्थानीय तहमा स्वच्छ खानेपानीको पहुँच विस्तारमा सहयोग पुगेको उहाँले बताउनुभयो ।

झण्डा पार्क बनाउन देउसीभैलोबाट पाँच लाख संकलन

❑ *प्रत्यूष समाचारदाता*

दमौली (तनहुँ) । स्थानीय बन्दीपुर गाउँपालिका-१ तल्लोटारमा निर्माण गरिने राष्ट्रिय झण्डा सहितको पार्क निर्माण गर्न देउसीभैलो अभियानबाट रु पाँच लाख भन्दा बढी रकम सङ्कलन भएको छ ।

झण्डा पार्क निर्माण समितिले बन्दीपुर, डुम्रे र दमौली बजारमा सञ्चालन गरेको देउसीभैलोबाट रु पाँच लाख १३ हजार सङ्कलन भएको पार्क निर्माण समितिका योजनाकार टीकाराम गिरीले जाकारी दिनुभयो । उहाँकाअनुसार बन्दीपुरमा रु ८९ हजार, डुम्रे बजारमा दुई लाख ६१ हजार र दमौलीमा रु एक लाख ६३ हजार सङ्कलन भएको छ । जिल्लाका अन्य ठाउँमा समेत पुगेर झण्डा प्रदर्शन र यसको प्रचारप्रसार गरिने उहाँले सो क्रममा बताउनुभयो । बन्दीपुर-१ तल्लोटारमा निर्माण भइरहेको पार्कमा ठूलो आकारको राष्ट्रिय झण्डा राख्ने योजना छ । पार्कमा ६७ फिट अग्लो झण्डाको स्तम्भ निर्माण गरी ४५ फिट लम्बाइ र ३० फिट चौडाइको राष्ट्रिय झण्डा राखिनेछ । राष्ट्रिय गौरव र पहिचानसँग जोडिएको यस योजनालाई स्थानीयवासीले सामूहिक अभियानका रूपमा अघि बढाएका छन् ।



पार्क निर्माणका क्रममा हालसम्म रु १५ लाखभन्दा बढीको काम श्रमदानबाट सम्पन्न भइ सकेको समितिका संयोजक शेरबहादुर रानाले जानकारी दिनुभयो । आर्थिक स्रोतको अभावका बाबजुद स्थानीयको उत्साह र सहयोगले पार्क निर्माणलाई अघि बढाइएको उहाँले स्पष्ट पार्नुभयो । पार्क निर्माणका लागि रु तीन करोड आवश्यक पर्ने अनुमान गरिएको छ । पृथ्वीराजमार्ग नजिकै पार्क निर्माण भइरहेको हुँदा यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न थप योगदान पुग्ने अपेक्षा गरिएको छ । पोखरा र काठमाडौं आवतजावत गर्ने यात्रु तथा पर्यटकले सहजै अवलोकन गर्न सक्ने स्थानमा पार्क बन्ने भएकाले बन्दीपुरको पर्यटन प्रवर्द्धनमा समेत योगदान पुर्याउने विश्वास गरिएको छ । पार्क निर्माणपछि स्थानीय बासिन्दासँगै बन्दीपुर घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकका उक्त स्थान आकर्षणको केन्द्र बन्ने अपेक्षा गरिएको छ ।

कर्मचारी गिरीविरुद्ध आरोपपत्र दायर

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बाराको फेटा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक पदमा कार्यरत कर्मचारी ओमप्रकाश गिरीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्दै विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

कर्मचारी गिरीको प्रमाणपत्र तह र स्नातक तहको शैक्षिक योग्यताका प्रमाणपत्र नक्कली रहेको बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजको शैक्षिक योग्यता नक्कली फेला परेपछि विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो । कर्मचारी गिरीले फेटा गाउँपालिकामा २०७८ जेठ १ गतेदेखि नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणी, शाखा अधिकृत सरहको रोजगार संयोजक पदमा नियुक्ति पाएका थिए ।

प्रवक्ता न्यौपानेका अनुसार कर्मचारी गिरीले सो नियुक्ति लिँदा पेस गरेको तीन वर्षे बिएड तहको लब्धाङ्कपत्र त्रिभुवन विश्वविद्यालयबाट प्रमाणीकरण भई आउँदा निजको नभई अन्य व्यक्तिको भएको भनी खुल्न आएकाले शैक्षिक योग्यता ढाँटी/झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी राष्ट्रसेवकको पद र ओहदा प्राप्त गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना हुन माग दाबीसहित आरोपपत्र दायर गरिएको हो ।

धार्चेमा विद्युत् र सञ्चार सेवा सुचारु

गोरखा । धार्चेका ६०० घरधुरीमा झण्डै डेढ महिनापछि विद्युत् र सञ्चार सेवा सुचारु भएको छ ।

धार्चे गाउँपालिका- १ र ३ करिब ६०० घरधुरीमा सोमबारदेखि विद्युत् सेवा सुचारु भएको हो । बुढीगण्डकीमा आएको बाढीका कारण विद्युत् र सञ्चार सेवा अवरुद्ध भएको थियो ।

नेपाल टेलिकमको टावरमा विद्युत् सेवा जडान भएपछि सञ्चार सेवा पनि सुचारु भएको त्यहाँका वडाध्यक्ष सरोज गुरुङले जानकारी दिनुभयो । बाढीले चुमनुब्री गाउँपालिका-३ स्थित सिर्दिवास उहिया लघु जलविद्युत् आयोजनामा क्षति पुर्याएपछि चुमनुब्री गाउँपालिका-३ र धार्चेको उहिया क्षेत्र विगत डेढ महिनादेखि विद्युति वहीन बनेको थियो । उहियास्थित नेपाल टेलिकमको टावरमा विद्युत् विच्छेद हुँदा सेवा अवरुद्ध भएको थियो । विद्युत् जडान भएसँगै वरपरका गाउँबस्तीमा सञ्चार सम्पर्क सेवा सुचारु भएपछि स्थानीयवासी खुसी भएका छन् । सोमबार मात्र उहियामा विद्युत् सेवा सञ्चालनमा आएको धार्चे गाउँपालिका-२ का वडाध्यक्ष सरोज गुरुङले बताउनुभयो । उत्तरी गोरखाको गाउँबस्तीमा विद्युत् सेवा दिँदै आएको कादुरी नामक संस्थाको पहलमा उहियामा बिजुली बलेको उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार विद्युत् सेवा सुचारु भएपछि सञ्चार सेवा पनि सुचारु भएको हो । "उहियाको टावरबाट उहिया, माछाखोला, खोर्ला, खोर्लावेशी, दुङ्ला, रुन्चेत, उम्चेत र हुल्चुकका गाउँबस्तीमा सञ्चार सेवा सुचारु भएको छ", गुरुङले भन्नुभयो, "त्यहाँ डेढ महिनासम्म बिजुली नबल्दा टावर चलेन । वरपरका सबै गाउँबस्तीमा बिजुली त जसोतसो बल्यो तर फोन सम्पर्क हुन सकेन ।"

धार्चे गाउँपालिकाको वडा नं १, २ र ३ मा गत असोज २५ गते बाढी गएदेखि सञ्चार सेवा ठप्प बनेकोमा सोमबारदेखि मात्र सञ्चालनमा आएको वडा नं २ का अध्यक्ष सरोज गुरुङले बताउनुभयो । गाउँमा सञ्चार सेवा ठप्प बन्दा वडाका काम कारबाही र स्थानीयको जनजीवनसमेत प्रभावित बनेको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "आजभोलि सञ्चार र प्रविधिको जमाना छ । यो डेढ महिना गाउँमा फोन टावर नचल्दा हामी पुरानै जमानामा पुगेको जस्तो भएका थियौं ।" धार्चेको वडा नं १, २ र ३ का गाउँबस्तीलाई बाढीले आवत-जावतसँगै सञ्चारबाट पनि वञ्चित गराएको थियो । वडा नं १ हुल्चुकको करिब २५० घरधुरी र वडा नं ३ उहियाको ३३२ घरधुरी बाढी आएको दिनदेखि अन्धकारमा जीवन गुजारा गरिरहेका थिए । स्थानीयले विद्यालय तथा स्वास्थ्य चौकीको सोलारबाट जसोतसो फोन चार्ज गरेपनि फोन सम्पर्क भने सुचारु हुन सकेको थिएन ।

सम्पादकीय ....

शौचालय दिवस : सरसफाइमा ध्यान दिनु आजको आवश्यकता

हरेक वर्ष नोभेम्बर १९ तारिखलाई विश्व शौचालय दिवसका रूपमा मनाउने गरिन्छ । सुरक्षित शौचालयको पहुँच सुनिश्चित गर्ने, सरसफाइप्रति जनचेतना फैलाउने तथा मानव स्वास्थ्य र वातावरण संरक्षण गर्ने उद्देश्यले यो दिवस मनाउन थालिएको हो । शौचालय मानव जीवनको आधारभूत आवश्यकता हो । तर आज पनि विश्वका धेरै मानिस सुरक्षित र व्यवस्थित शौचालयको पहुँचबाट वञ्चित छन् । यसले सरसफाइ र जनस्वास्थ्यका क्षेत्रमा अझै धेरै काम गर्नुपर्ने आवश्यकता देखाउँछ । स्वच्छ र स्वस्थ जीवनका लागि व्यक्तिगत सरसफाइसँगै घर, टोल, समाज र सार्वजनिक स्थानको सरसफाइमा पनि उत्तिकै ध्यान दिनुपर्छ । शौचालयको उचित प्रयोग नगर्ने, खुला ठाउँमा दिसापिसाब गर्ने, फोहोर जथाभावी फाल्ने तथा ढल र नालीको उचित व्यवस्थापन नगर्ने प्रवृत्तिले विभिन्न रोग फैलिने जोखिम बढाउँछ । विशेषगरी झाडापखाला, हैजा, टाइफाइडलगायत पानीजन्य रोगको प्रमुख कारण दूषित पानी र कमजोर सरसफाइ पनि हुन् ।

नेपालले खुला दिसामुक्त अभियानमार्फत महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । तर शौचालय निर्माण हुँदैमा सरसफाइको समस्या पूर्ण रूपमा समाधान भएको मान्न सकिँदैन । निर्माण गरिएका शौचालयको नियमित प्रयोग, सफाइ र मर्मतसम्भारमा पनि ध्यान दिन आवश्यक छ । अझै कतिपय ग्रामीण बस्तीमा व्यवस्थित शौचालयको अभाव छ भने कतिपय सार्वजनिक शौचालय प्रयोग गर्ने नसकिने अवस्थामा छन्। यस्तो अवस्थाको अन्त्य गर्न स्थानीय सरकार, सम्बन्धित निकाय र नागरिक सबै जिम्मेवार बन्नुपर्छ ।

विद्यालय, अस्पताल, बजार, बसपार्क तथा सार्वजनिक स्थानमा सफा र व्यवस्थित शौचालयको व्यवस्था गर्नु सरकारको प्राथमिकतामा पर्नुपर्छ । विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिले सहज रूपमा प्रयोग गर्न सक्ने शौचालय निर्माण गर्न आवश्यक छ । शौचालयमा पानी, साबुन र हात धुने व्यवस्था अनिवार्य हुनुपर्छ । शौचालय प्रयोग गरेपछि र खाना खानुअघि साबुनपानीले हात धुने बानीले धेरै रोगबाट बचाउन सक्छ ।

नागरिकले आफ्नो घरको आँगन सफा राखेर मात्र पुग्दैन, सार्वजनिक स्थानलाई पनि उत्तिकै सफा राख्नुपर्छ । जथाभावी प्लास्टिक तथा अन्य फोहोर फाल्ने, खोलानाला दूषित बनाउने र सार्वजनिक सम्पत्तिमा फोहोर गर्ने व्यवहार त्याग्नुपर्छ ।

विश्व शौचालय दिवस केवल औपचारिक कार्यक्रम गरेर मनाउने दिन मात्र होइन । यसले हामीलाई आफ्नो स्वास्थ्य, सरसफाइ र सामाजिक जिम्मेवारीप्रति सचेत गराउने अवसर पनि प्रदान गर्छ । त्यसैले यस दिवसका अवसरमा शौचालयको नियमित प्रयोग, सरसफाइको बानी र स्वच्छ वातावरण निर्माण गर्ने प्रतिबद्धता सबैले गर्नुपर्छ । स्वच्छ शौचालय, सुरक्षित खानेपानी र सफा वातावरण स्वस्थ समाज निर्माणका आधार हुन् । सरकारले आवश्यक पूर्वाधार निर्माणमा ध्यान दिने र नागरिकले त्यसको उचित प्रयोग तथा संरक्षण गर्ने हो भने मात्र सरसफाइ अभियान सफल हुन सक्छ । स्वस्थ नागरिक र समृद्ध राष्ट्र निर्माणका लागि सरसफाइलाई सबैको साझा जिम्मेवारी बनाऔं ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

हिमाल र जैविक विविधताको अनुपम गन्तव्य मर्दी पदमार्ग

कृष्ण दवाडी
सन्तोष गौतम

जापानबाट यस वर्ष दसैं-तिहार मनाउन जन्मथलो फर्किनु भएकी काभ्रेकी ज्योति खड्काले चाडपर्वलगत्तै चार दिन कास्कीको माछापुच्छे गाउँपालिकामा पर्ने मर्दी हिमाल पदमार्गमा बिताउनुभयो । हिमाल, हरियाली, बादल र शान्त वातावरणको सामीप्यमा बिताएका ती चार दिन उहाँका लागि अविस्मरणीय बने । "मर्दी हिमालको प्राकृतिक सुन्दरता निकै आकर्षक, मनमोहक र शान्त लाग्यो," उहाँले भन्नुभयो, "पदयात्राका क्रममा देखिने हिमाल र वरपरको वातावरणले थकान बिर्साएर मनमा नयाँ उमङ्ग पैदा गरिदियो ।"

दसैं-तिहारको लामो बिदामा कलेजका साथीहरूसँग मर्दी पदयात्रामा पुग्नुभएकी म्याग्दीको मङ्गला गाउँपालिका-१ कुहुँकी सुशिप्ता जिसीलाई पनि यात्राले लोभ्यायो । बिहानको सूर्योदय, हिमाल र पहाडका फेदीमा देखिने बादलको मनोरम दृश्यले यात्रालाई अविस्मरणीय बनाएको उहाँको अनुभव छ ।

धादिङका नारायण कँडेल छोटो समयमै हिमालको नजिक पुगेर प्राकृतिक सौन्दर्यको आनन्द लिन पाउनु मर्दी पदयात्राको मुख्य विशेषता भएको बताउनुहुन्छ । इटालीबाट आउनुभएका पर्यटक इन्ट्राले पनि यहाँको प्राकृतिक वातावरण, हिमाली दृश्य र शान्त परिवेशले विशेष अनुभव दिएको प्रतिक्रिया दिनुभयो ।

खड्का, जिसी, कँडेल र इन्ट्राजस्तै छोटो समयको पदयात्रामै हिमालको सामीप्यमा पुग्न चाहने आन्तरिक तथा विदेशी पर्यटकको रोजाइमा मर्दी हिमाल पदमार्ग पर्दै गएको छ । घना जङ्गल, हरियाली, ग्रामीण बस्ती र हिमाली भूगोलको सङ्गम रहेको यस पदमार्गले यात्रुहरूलाई प्रकृतिका विविध रूपसँग साक्षात्कार गराउँछ ।

काठमाडौँकी निकिता कार्कीका अनुसार पदयात्राका क्रममा देखिने हिउँले ढाकिएका हिमाल, डाँडाकाँडा र स्वच्छ वातावरणले यात्रालाई बेग्लै अनुभूति दिन्छ । एउटै क्षेत्रबाट मर्दी, माछापुच्छे, अन्नपूर्ण दक्षिण, हिमचुली, अन्नपूर्ण प्रथम, गङ्गापूर्ण र गन्धर्वचुलीलगायत १३ वटा हिमालको दृश्यावलोकन गर्न सकिन्छ ।

बादलसँग लुकामारी खेल्दै हिमालको सौन्दर्य

मर्दी हिमाल पदमार्गको अर्को आकर्षण यहाँको बदलिरहने मौसम र बादलको लुकामारी हो । केही क्षणअघि बादलले छोपिएका हिमाल एकाएक खुलेर देखिँदा यात्रुहरू मन्त्रमुग्ध हुन्छन् । सूर्योदय र सूर्यास्तका बेला हिमालमा देखिने सुनौलो रङले पदयात्राको सौन्दर्य थप बढाउँछ । बादलडाँडादेखि भ्यु पोइन्टसम्म डाँडैडाँडा यात्रा गर्दा पोखरा उपत्यका, अन्नपूर्ण आधार शिविर र आसपासका हिमाली क्षेत्रको दृश्यावलोकन गर्न सकिन्छ । भेडाबाखा, चौंरी र भैंसीका घुम्ती गोठले परम्परागत ग्रामीण जीवन शैलीको झल्को दिन्छन् । वसन्त ऋतुमा पाखाभरि ढकमक्क फुल्ने लालीगुराँस, हरियाली वन र चराचुरुङ्गीको चिरबिर आवाजले यस क्षेत्रलाई थप आकर्षक बनाउँछ । हिमाली प्रकृतिसँगै वनस्पति, वन्यजन्तु र चराचुरुङ्गीको अवलोकन गर्न चाहनेका लागि पनि यो उपयुक्त गन्तव्य हो ।

मर्दी हिमाल पदमार्गका संस्थापक सचिव शिवकुमार भण्डारीका अनुसार सन् २०२१ मा गरिएको अध्ययनले यस क्षेत्रमा एक सय १२ प्रजातिका चराको बासस्थान रहेको देखाएको छ । नेपाल पन्छीविद् सङ्घले गरेको अध्ययनमा सेतो गिद्ध, हिमाली गिद्ध, काँडे भ्याकुर र नदीचरीजस्ता महत्वपूर्ण प्रजातिका चरा पाइने पुष्टि भएको उहाँले बताउनुभयो । "यो पदमार्ग हिमाल, बादल र प्राकृतिक दृश्यावलोकनका लागि मात्र नभई चराचुरुङ्गी तथा जैविक विविधताको दृष्टिले पनि महत्वपूर्ण छ," उहाँले भन्नुभयो, "अध्ययनले यहाँको चराचुरुङ्गीको विविधता पुष्टि गरेपछि हिमाली पर्यटनसँगै चराअवलोकन र प्रकृतिमा आधारित पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने प्रयास गरिरहेका छौं ।"

यात्रा हिमालको नजिक

तीनदेखि चार दिनमा पदयात्रा पूरा गर्न सकिने र अन्य कतिपय पदमार्गको तुलनामा सहज मानिने भएकाले मर्दी हिमाल पदमार्गमा पर्यटकको आकर्षण बढेको हो । पदमार्ग व्यवस्थापन समितिका अध्यक्ष राजकुमार तामाङका अनुसार अनुकूल मौसम र दसैं-तिहार-छठको बिदाका कारण कात्तिक महिनामा दैनिक छ सयदेखि सात सय जनासम्म पर्यटक आउने गरेका छन् । तीमध्ये करिब ६० प्रतिशत विदेशी पर्यटक रहेको उहाँको भनाइ छ । "पर्यटकको आगमन बढ्नु सुखद पक्ष हो । तर, सीमित क्षमताका होटलमा पाहुनाको चाप बढ्दा बसोबास व्यवस्थापन मुख्य चुनौती बनेको छ," तामाङले भन्नुभयो ।

पर्यटकको सङ्ख्या होटलको क्षमताभन्दा बढी हुँदा कतिपयलाई टेन्ट तथा होटलका भोजनकक्षमा समेत राख्नुपर्ने अवस्था आएको उहाँले बताउनुभयो । पदमार्गको हाइक्याम्पसम्म मात्रै होटल तथा रेस्टुरेन्ट सञ्चालनमा छन् । भ्यु पोइन्ट र आधार शिविर क्षेत्रमा भने होटल तथा रेस्टुरेन्ट छैनन् ।

हाइक्याम्पमा रहेका १४ वटा होटलमा २५ भन्दा बढी शैया राख्न नपाइने व्यवस्था छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले होटल तथा कोठाको सङ्ख्या निश्चित गरेकाले मुख्य पर्यटकीय याममा पर्यटकको चापअनुसार आवास व्यवस्थापन गर्न कठिन हुने गरेको व्यवसायी कविता अर्याल गौतम बताउनुहुन्छ । "अघिल्लो वर्षभन्दा यसपटक मर्दीमा पर्यटकको सङ्ख्या धेरै बढेको छ । फरेस्ट क्याम्पमाथिका सबै होटल भरिभराउ हुँदा थप पाहुना राख्न सक्ने अवस्था छैन," उहाँले भन्नुभयो, "पर्यटकले असुविधा भोग्नुपर्दा मर्दीका बारेमा नकारात्मक सन्देश जाने हो कि भन्ने चिन्ता लाग्छ ।"

कसरी पुग्ने ?

पोखराबाट सवारीसाधनमा कालीमाटी, सिदिङ, धम्पुस र काँडे पुगेर पर्यटकले पदयात्रा सुरु गर्छन् । फरेस्ट क्याम्प पुगेपछि मुख्य पदमार्गमा जोडिन्छन् । फरेस्ट क्याम्प, लो क्याम्प, बादलडाडा, हाइक्याप क्याम्प हुँदै भ्यु पोइन्ट पुगिन्छ । त्यसपछि एक घण्टा थप यात्रा गरेर पुगिने चार हजार पाँच सय मिटर उचाइमा रहेको मर्दी हिमाल आधार शिविर(बेसक्याम्प) यस पदमार्गको प्रमुख तथा अन्तिम गन्तव्य हो । हाइक्याम्पभन्दा माथि होटल तथा रेस्टुरेन्ट नहुँदा पर्यटकले आवश्यक तयारी गरेर मात्रै माथिल्लो क्षेत्रको यात्रा गर्नुपर्छ । माथिल्लो बादलडाँडा र हाइक्याम्प मा रात बिताउने पर्यटक बिहानै उठेर भ्यु पोइन्टमा सूर्योदय हेर्न पुग्छन् । त्यसपछि आधार शिविर पुगेर दिउँसो फर्कने गर्छन् । भ्यु पोइन्टदेखि आधार शिविरसम्मको क्षेत्रमा मौसम छिनछिनमा परिवर्तन हुने, कुहिरो लाग्ने र बाटो बिराएर हराउने जोखिम हुने भएकाले सहयोगीबिना यात्रा नगर्न बादल डाँडाका होटल व्यवसायी नेत्र तामाङको सुझाव छ । पदयात्रा सकेर फर्कने क्रममा अधिकांश पर्यटक लो क्याम्पबाट सिदिङ झरेर सवारीसाधनमा पोखरा पुग्ने बाटो रोज्छन् । सिदिङ र कालीमाटीबाट जीपमा करिब एक घण्टामा पोखरा पुग्न सकिन्छ । यातायात खर्चबाहेक प्रतिव्यक्ति दैनिक रु तीन हजारदेखि रु पाँच हजार सम्म बजेट आवश्यक पर्ने व्यवसायी बताउँछन् । होटलमा खाद्यान्नलगायत सामग्री खच्चड र भरियामार्फत ढुवानी गर्नुपर्ने भएकाले अन्य कतिपय पर्यटकीय गन्तव्यको तुलनामा यहाँको बसाइ महँगो पर्ने पर्यटकको गुनासो छ ।

गोठ र खर्कबाट पर्यटकीय स्थलमा रुपान्तरण

मर्दी हिमाल पदमार्ग सन् २०१२ देखि औपचारिक रूपमा सञ्चालनमा आएको हो । त्यसअघि यस क्षेत्र स्थानीयवासीका गाईभैंसी, भेडाबाखा र चौंरीका घुम्ती गोठ तथा चरन क्षेत्रमा सीमित थियो । पशुका घुम्ती गोठ राख्ने ठाउँलाई खर्क भनिन्छ । माछापुच्छे गाउँपालिका-९ का स्व सुदीप गौतमको नेतृत्वमा स्थानीय समुदायले घरगोठ गर्न प्रयोग गर्दै आएको परम्परागत बाटोलाई पदमार्गका रूपमा विकास गरेका हुन् । माछापुच्छे गाउँपालिका-९ का वडाध्यक्ष हरिबहादुर क्षेत्री (राजेन्द्र) का अनुसार तत्कालीन समयमा मर्दी क्षेत्रमा फाट्टफुट्ट भकारी र चित्राले बारिएका भेडीगोठबाहेक पर्यटकलाई आवश्यक पर्ने पूर्वाधार थिएनन् । पदयात्रा पर्यटनको सम्भावना पहिचान गरी गौतमले गरेको निरन्तर प्रयासकै कारण आज मर्दी हिमाल पदमार्ग विश्वभरका पर्यटकमाझ परिचित भएको हो ।

मर्दी पदमार्गका पिताका रूपमा चिनिने गौतमको २०७९ असोज १४ गते हाइक्याम्प क्षेत्रमा भिरबाट लडेर ३५ वर्षको उमेरमा निधन भएको थियो । पदमार्गको अन्वेषण, प्रवर्द्धन र विकासमा योगदान पुर्याउनुभएका गौतमको सम्मानमा बादलडाँडामा सालिक स्थापना गरिएको छ । माछापुच्छे गाउँपालिका, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेश, मर्दी हिमाल पर्यटन होटल व्यवसाय व्यवस्थापन समिति र नेपाल पर्यटन बोर्डको सहकार्यमा सालिकसहितको पार्क निर्माण गरिएको हो ।

पदयात्रा पर्यटनको विकास सँगै यस क्षेत्रका स्थानीय वासीको आर्थिक तथा सामाजिक जीवनमा पनि परिवर्तन आएको छ । होटल, रेस्टुरेन्ट, चिया पसल र अन्य पर्यटनसम्बन्धी व्यवसाय विस्तार भएपछि रोजगारी तथा आम्दानीका अवसर बढेका छन् । फरेस्ट क्याम्प होटल व्यवस्थापन समितिका अध्यक्ष अमृत दाहालका अनुसार स्थानीय व्यवसायीले आफ्नै गाउँमा उत्पादन भएका ताजा तरकारी, दूध, घ्यू तथा स्थानीय कुखुराबाट पर्यटकलाई परिकार बनाएर खुवाउने गरेका छन् । "होटल तथा पर्यटन व्यवसायको विस्तारले स्थानीयवासीलाई गाउँमै रोजगारी र आम्दानीको अवसर दिएको छ," उहाँले भन्नुभयो, "पर्यटकको आगमन बढेसँगै स्थानीय उत्पादनको खपत पनि बढेको छ ।"

महिला हिंम्सा अन्त्य गरौं



- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

मतदाता नामवलीबाट एक हजार २८९ जनाको नाम खारेजी

जुम्ला । जिल्ला निर्वाचन कार्यालय, जुम्लाले मतदाता नामवलीमा दोहोरो नाम भएका एक हजार २८९ जनाको नाम मतदाता नामवलीबाट खारेज गरिएको छ ।

जिल्ला निर्वाचन कार्यालय जुम्लाका प्रमुख दीपेन्द्र कँडेलका अनुसार सो क्रममा मतदाता नामवली अद्यावधिक गर्ने क्रममा मृत्यु भएका ८१५ जना र दोहोरो नाम दर्ता भएका ४७४ जनाको नाम खारेज गरिएको जानकारी दिनुभयो । दोहोरो मतदाता नामवलीमा नाम दर्ताका भएका सबैभन्दा बढी तिला गाउँपालिकाका ८० जनाको नाम हटाइएको छ । पातारासीबाट ६४, कनकासुन्दरी बाट ५९, तातोपानीबाट ६०, सिंजाबाट ४८, गुठीचौरबाट ३७, हिमाबाट ५० र चन्दननाथ नगरपालिकाबाट ७६ जनाको दोहोरो नाम हटाइएको जिल्ला निर्वाचन कार्यालय जुम्लाका निर्वाचन अधिकारी कँडेलले बताउनुभयो ।

फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनमा जिल्लामा ३४ हजार २८० महिला मतदाता र ३७ हजार ४१५ जना पुरुष मतदाता गरी जम्मा ७१ हजार ६९५ जना मतदाता सङ्ख्या कायम थियो ।

बाढीमा बेपत्ता पत्रकार थामीकी छोरीलाई पाकिस्तानको छात्रवृत्ति

काठमाडौं । भोटेकोशी बाढीमा परेर बेपत्ता पत्रकार टेकराज थामीकी छोरीलाई पाकिस्तान सरकारले छात्रवृत्ति प्रदान गर्ने घोषणा गरेको छ ।

नेपालका लागि पाकिस्तानी राजदूत मोहम्मद आमिर खानले आज पत्रकार थामीकी धर्मपत्नी एवं राससका समाचारदाता कालिका खड्कालाई सो कुराको जानकारी दिनुभएको हो । उहाँकी छोरी कृतिका हाल नौ कक्षामा अध्ययनरत हुनुहुन्छ ।

राजदूत खानले कृतिकालाई माध्यमिक विद्यालयसम्मको छात्र-वृत्ति उपलब्ध गराउने जानकारी दिनुभएको हो । राजदूत खानले कृतिकाको पठनपाठनमा सघाउ पुगोस् भनेर दूताबासका तर्फबाट सहयोगस्वरुप एक थान ल्यापटप पनि प्रदान गर्नुभएको थियो ।

त्यस अवसरमा राजदूत खानले भोटेकोशी बाढीले पुर्याएको क्षतिप्रति दुःख व्यक्त गर्दै एक मित्र राष्ट्रका हैसियतले पाकिस्तान सरकारका तर्फबाट दूताबासले पत्रकार थामीको परिवारलाई सो सहयोग गरेको बताउनुभयो ।

त्यस अवसरमा पत्रकार खड्काले छोरीको पठनपाठनका लागि सो सहयोग उपलब्ध गराएकामा पाकिस्तान सरकारलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

एमालेमा भेलाको तयारीबारे छलफल

काठमाडौं । नेकपा (एमाले) को दोस्रो स्थायी कमिटीको बैठक सम्पन्न भएको छ । बैठकामा बुधबार र बिहीबार हुनलागेको राष्ट्रिय भेलाको तयारीका बारेमा छलफल गरिएको एमाले प्रचार विभाग प्रमुख निरज आचार्यले जानकारी दिनुभयो । "राष्ट्रिय भेलाको तयारीका सन्दर्भमा बैठक केन्द्रीत रहेको थियो । बैठकमा तयारीका सन्दर्भमा गठन गरिएका विभिन्न उपसमितिको रिर्पोटिङ र छलफल गर्ने काम भयो," उहाँले भन्नुभयो ।

बैठकले भेलाका लागि तय गरिएका कार्यसूचि अनुमोदन गरेको छ । यस्तै बैठकले पार्टीको चौथो केन्द्रीय कमिटीको बैठक यही मङ्सिर ४ गते गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख आचार्यले जानकारी दिनुभयो ।

मानसिक स्वास्थ्यमा ध्यान दिऔं

- मानसिक स्वास्थ्य शारीरिक स्वास्थ्यजत्तिकै महत्वपूर्ण हो भन्ने बुझौं,
- डर, तनाव वा चिन्ता भएमा विश्वासिलो व्यक्ति वा सम्बन्धित विशेषज्ञसँग खुलेर कुरा गरौं,
- परिवार, साथीभाइ र समुदायमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गरौं,
- पर्याप्त निद्रा र सन्तुलित आहारमार्फत मानसिक स्वास्थ्यको सुरक्षा गरौं,
- योग, ध्यान तथा सिर्जनात्मक गतिविधिमा सहभागी भई तनाव व्यवस्थापन गरौं,
- मानसिक स्वास्थ्यसम्बन्धी भ्रम र विभेदको अन्त्य गरौं,
- समस्या देखिएमा स्वास्थ्य संस्थाबाट परामर्शसेवा लिऔं,
- आत्मीय संवाद, आपसी सहयोग र सहानुभूतिमार्फत स्वस्थ समाज निर्माण गरौं ।

खुलेर कुरा गरौं: मानसिक स्वास्थ्यको संरक्षण गरौं ।

जनस्वास्थ्य कार्यालय
धादिङ

नेपाल ग्लोबल फिल्म फेस्टिभल २०२७ को तयारी तीव्र

काठमाडौं । नेपाली चलचित्रलाई विश्व बजारसँग जोड्ने र नेपाललाई अन्तरराष्ट्रिय चलचित्रको महत्वपूर्ण गन्तव्यका रूपमा स्थापित गर्ने उद्देश्य सहित आयोजना हुन लागेको नेपाल ग्लोबल फिल्म फेस्टिभल २०२७ को तयारी तीव्र पारिएको छ ।

आगामी फागुन ७ देखि १० गतेसम्म काठमाडौंमा आयोजना हुने महोत्सवमा विश्वका विभिन्न देशबाट करिब १०० जना चलचित्र कर्मी, सञ्चारकर्मी तथा चलचित्र उद्योगका विशिष्ट व्यक्तित्व सहभागी हुने आयोजकले जनाएको छ । नेपाल फिल्म एण्ड मिडिया एकेडेमीको आयोजनामा हुन लागेको महोत्सवको पहिलो संस्करण मै विश्वभरबाट ५०० भन्दा बढी फिचर फिल्म, सर्ट फिल्म तथा डकुमेन्ट्री प्राप्त भएका छन् । पहिलो संस्करणमै यति ठूलो सङ्ख्यामा अन्तरराष्ट्रिय चलचित्र प्राप्त हुनुले महोत्सवप्रति विश्व चलचित्र क्षेत्रको चासो र आकर्षण बढ्दै गएको आयोजकको विश्वास छ । 'हिमालदेखि सागरसम्मका कथाको उत्सव' भन्ने मूल नारासहित आयोजना हुन लागेको महोत्सवमा प्राप्त चलचित्रमध्ये करिब १०० वटा उत्कृष्ट चलचित्र छनोट गरी चार दिनसम्म काठमाडौं मा प्रदर्शन गरिनेछ ।

चलचित्र छनोटका लागि निर्देशक सुवर्ण थापाको नेतृत्वमा चलचित्र छनोट समितिको गठन गरिएको र छनोट भएकामध्ये उत्कृष्ट चलचित्रलाई निर्देशक अशोक शर्मा नेतृत्वका नेपाली तथा विदेशी जुरीहरूले नगद पुरस्कार सहित विभिन्न विधामा अवार्ड प्रदान गरिने आयोजकले जनाएको छ । महोत्सवमा फिचर फिल्म, सर्ट फिल्म, डकुमेन्ट्री, माउन्टेन फिल्म, वातावरणसम्बन्धी फिल्म, मान वशास्त्रीय फिल्म, मानव अधिकार सम्बन्धी फिल्म, महिला विषय वस्तुमा आधारित फिल्म तथा आदिवासी जनजातिका कथा र संस्कृतिमा आधारित चलचित्रलाई समेटिनेछ । त्यसैगरी एनिमेसन, विद्यार्थी चलचित्र र कृत्रिम बौद्धिकतामा आधारित चलचित्रलाई समेत विशेष प्राथमिकता दिइने बताइएको छ । महोत्सवका निर्देशक गणेश पाण्डेले पहिलो संस्करणमै विश्वभरबाट यति ठूलो सङ्ख्यामा फिचर, सर्ट र डकुमेन्ट्री फिल्म प्राप्त हुनु निकै उत्साहजनक उपलब्धिको रूपमा लिइएको बताउनुभयो । यसले नेपालमा आयोजना हुन लागेको अन्तरराष्ट्रिय चलचित्र महोत्सवप्रति विश्व चलचित्रकर्मीको विश्वास र चासो देखाएको उहाँ भन्नुहुन्छ, "हामी नेपालकै एउटा ठूलो महोत्सव बनाउने उद्देश्यका साथ अघि बढिरहेका छौं ।" महोत्सव आयोजक समितिका सदस्य फूलमान बलका अनुसार चार दिनसम्म चलचित्र प्रदर्शनसँगै विशेष सम्मान, अन्तरक्रिया, चलचित्र कार्यशाला, प्यानल छलफल तथा अन्तरराष्ट्रिय नेटवर्किङ कार्यक्रम सञ्चालन गरिनेछ ।

हलिउड, बलिउड तथा चिनियाँ चलचित्र क्षेत्रका चर्चित चलचित्रकर्मी महोत्सवमा अतिथिको रूपमा सहभागी हुने आयोजकले जनाएको छ । महोत्सवले नेपाली चलचित्रलाई विभिन्न अन्तरराष्ट्रिय बजारसँग जोड्ने, नेपाली प्रतिभा र सिर्जनालाई विश्वमाझ चिनाउने तथा विदेशी चलचित्र निर्माता र निर्देशकलाई नेपालमा चलचित्र निर्माणका सम्भावना र गन्तव्यबारे जानकारी गराउने लक्ष्य लिएको छ । यसबाट नेपालमा चलचित्र पर्यटन, अन्तरराष्ट्रिय सहकार्य तथा चलचित्र निर्माणमा विदेशी लगानीको सम्भावना विस्तार हुने अपेक्षा गरिएको छ ।

नेपालको प्राकृतिक सौन्दर्य, हिमाली भूगोल, सांस्कृतिक विविधता र मौलिक कथालाई अन्तरराष्ट्रिय चलचित्र जगत्मा प्रवर्द्धन गर्नु महोत्सवको अर्को महत्वपूर्ण उद्देश्य हो । युनेस्को क्रिएटिभ सिटी अफ फिल्मको अवधारणासँग जोड्दै काठमाडौंलाई चलचित्र सिर्जना, सहकार्य र सांस्कृतिक आदानप्रदानको अन्तरराष्ट्रिय केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्य महोत्सवले राखेको छ ।

भारतबाट ३५० मेगावाट विद्युत् आयात, ५६ मेगावाट निर्यातको अनुमति

काठमाडौं । नेपाल विद्युत् प्राधिकरण ले यस वर्षको हिउँदयाममा भारतबाट ३५० मेगावाट विद्युत् आयात गर्न अनुमति पाएको छ ।

भारतको विद्युत् मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरण ले प्रतिस्पर्धी दरमा दैनिक १७ घण्टासम्म विद्युत् आयात गर्न नेपाल विद्युत् प्राधिकरणलाई अनुमति दिएको हो । दुई संस्थाबीच भएको सहमतिअनुसार, नेपाल विद्युत् प्राधिकरणले मंगलबारदेखि आगामी साउन १५ गतेसम्म विद्युत् आयात गर्न पाउनेछ । जसअनुसार बिहान ५ देखि ८ बजेसम्म र साँझ ५ देखि ९ बजेसम्म बाहेक अन्य समयमा विद्युत् आयात गर्न सक्नेछ । प्राप्त अनुमति बमोजिम, कटैया-कुशाहा, रामनगर-सुरजपुरा र रक्सौल-परवानीपुर १३२ केभी प्रसारण लाइनमार्फत ३०० मेगावाट तथा न्यू नौतनिया-मैनहिया १३२ केभी प्रसारण लाइनमार्फत ५० मेगावाट विद्युत् आयात गरिनेछ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले भारतबाट ३५० मेगावाट विद्युत् आयातको अनुमति प्राप्त भएकाले आगामी हिउँदयाममा विद्युत् माग र आपूर्तिको व्यवस्थापन गर्न थप सहज हुने बताउनुभयो ।

भोटेकोशी बाढीकाकारण जलविद्युत् आयोजना तथा प्रसारण लाइनमा क्षति पुग्दा ४३१ मेगावाट जडित क्षमताका आयोजना राष्ट्रिय विद्युत् प्रणालीबाट विच्छेद्र भएका छन् । त्यस अवस्थालाई ध्यानमा राखेर आगामी हिउँदयामको विद्युत् माग र आपूर्ति व्यवस्थापनका लागि आवश्यक तयारी गरिएको कार्यकारी निर्देशक श्रेष्ठले बताउनुभयो ।

गत वर्षको विद्युत् माग र उत्पादनको अवस्थालाई आधार मानेर गरिएको विश्लेषणअनुसार यस वर्ष पुस, माघ, फागुन र चैत गरी चार महिनासम्म विद्युत् माग आन्तरिक उत्पादनभन्दा बढी हुने अनुमान छ । विशेषगरी माघ र फागुनमा दैनिक औसत ४५० देखि ५०० मेगावाट सम्म निरन्तर विद्युत् आयात गर्नुपर्ने अनुमान गरिएको छ ।

यस्तै, उच्च माग हुने पिक आवरमा दैनिक ८०० देखि ९०० मेगावाटसम्म विद्युत् आयात गर्नुपर्ने अवस्था रहेको अनुमान गरिएको छ । पुस र चैतमा भने तुलनात्मक रूपमा कम विद्युत् आयात गरे पुग्ने आँकलन छ । आगामी वैशाखदेखि नदीमा पानीको बहाव क्रमशः बढ्दै जाने भएकाले आन्तरिक विद्युत् उत्पादनमा वृद्धि भई आयात प्रतिस्थापन हुँदै विद्युत् निर्यात सुरु हुने अनुमान गरिएको छ ।

नेपाल विद्युत प्राधिकरणले तीन वटा जलविद्युत् आयोजनाबाट उत्पादित कूल ५६ मेगावाट विद्युत् भारतीय ऊर्जा विनिमय बजार (आईएक्स) मा बिक्री गर्न पनि अनुमति पाएको छ । प्राधिकरणले मंगलबारै देखि १५ आगामी साउनसम्म उक्त विद्युत् निर्यात गर्ने अनुमति पाएको हो ।

मधेसको सत्ता राजनीतिमा नयाँ समीकरणको खोजी

धनुषा । मिथिला क्षेत्रको मुख्य चाड छठ पर्वको समापनसँगै मधेस प्रदेशमा नयाँ सरकार गठनका लागि राजनीतिक दलको सक्रियता बढेको छ ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले पदबाट राजीनामा दिएपछि नयाँ सरकार गठनका लागि दलहरूबीच सत्ता समीकरण, नेतृत्व र मन्त्रालय बाँडफाँटबारे छलफल तीव्र तुल्याइएको छ ।

नेकपा (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को समर्थनमा जनता समाजवादी पार्टी (जसपा) नेपालको नेतृत्वमा सरकार गठन गर्ने विषयमा अहिले नेताहरूबीच संवाद अघि बढेको छ । प्रारम्भिक छलफलमा जसपा नेपालले सरकारको नेतृत्व गर्ने त्यसमा एमाले र नेकपाले समर्थन गर्ने गरी समीकरण निर्माण गर्ने प्रयास भइरहेको नेताहरुले बताएका छन् ।

प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्ने अवस्था नदेखिएपछि मुख्यमन्त्री यादवले गत कात्तिक २८ गते पदबाट राजीनामा दिनुभएको थियो । एमाले र नेकपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि कांग्रेस नेतृत्वको सरकार अल्पमतमा परेको हो । आवश्यक बहुमत जुटाउन नसक्ने अवस्था देखिएपछि विश्वासको मत लिने प्रक्रियामा प्रवेश गर्नुअघि नै उहाँले पद त्याग्नुभयो ।

मुख्यमन्त्रीको राजीनामासँगै प्रदेशमा नयाँ सरकार गठनको संवैधानिक प्रक्रियाअघि बढेको छ । प्रदेश प्रमुख डा सुरेन्द्रलाभ कर्णले संविधानअनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्य मन्त्रीमा दाबी पेस गर्न आह्वान गर्नुभएको छ । प्रदेश प्रमुखले आगामी मङ्सिर ४ गते अपराह्न ४ बजेसम्मको समयसीमा निर्धारण गर्नुभएको छ । नेकपाका नेता भरतकुमार साहले जसपा नेपालकै नेतृत्वमा नयाँ सरकार गठन गर्ने तयारी भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "संसदीय दलको नेता नै मुख्यमन्त्री बन्ने परिपाटी रहेकाले जसपाकै नेताको सम्भावना बलियो छ । यद्यपि अन्य नेताको पनि दाबी छ ।" जसपा नेपालका नेता जीतेन्द्र सोनारले भने मुख्यमन्त्रीको उम्मेदवारका विषयमा पार्टीभित्र औपचारिक छलफल भइ हालसम्म निष्कर्षमा पुगी नसकेको बताउनुभयो । सरकार गठन र मन्त्रालय बाँडफाँटबारे अहिले नै केही भन्न नसकिने उहाँको भनाइ छ । सोनार यसअघि मधेस प्रदेशसभामा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालको संसदीय दलका नेता हुनुहुन्थ्यो । लोसपा नेपाल गत पुस २७ गते जसपा नेपालमा समाहित भएको थियो ।

एमाले मधेस प्रदेशका संसदीय दलका नेता सरोजकुमार यादवले पनि नयाँ सरकार गठनका विषयमा अनौपचारिक छलफल भइरहेको बताउनुभयो । उहाँले औपचारिक निर्णयका लागि तीन दलबीच थप छलफल आवश्यक रहेको उल्लेख गर्नुभयो ।

जसपा नेपालका नेता मनिषकुमार सुमनले पनि आफ्नै पार्टीको नेतृत्वमा नयाँ सरकार गठन हुने परिस्थिति देखिएको बताउनुभयो । प्रदेशसभामा जसपा नेपालको सिट सङ्ख्या अन्य दलको तुलनामा बढी रहेकाले सरकारको नेतृत्व लिनुपर्ने अवस्था रहेको उहाँको भनाइ छ ।

प्रदेशसभाको पहिलो कार्यकालमा जसपा नेपालका नेता लालबाबु राउतले विसं २०७४ फागुन २ देखि विसं २०७९ पुस २९ गतेसम्म मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको थियो । मधेस प्रदेश स्थापनापछि पहिलो कार्यकाल उहाँकै नेतृत्वमा सरकार गठन भएको थियो । प्रदेशसभाको दोस्रो निर्वाचनपछि जसपा नेपालका सरोजकुमार यादव विसं २०७९ पुस २९ गते मुख्यमन्त्री बन्नुभयो । प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न नसकेपछि उहाँ विसं २०८१ जेठ २३ गते पदमुक्त हुनुभयो । त्यसयता मधेस प्रदेशमा मुख्यमन्त्री फेरिने क्रम निरन्तर जस्तै बनेको छ । जसपा नेपालका सरोजकुमार यादवपछि विसं २०८१ जेठ २५ गते जनमत पार्टीका सतिशकुमार सिंह मुख्यमन्त्री बन्नुभएको थियो । सिंहले विसं २०८२ असोज २८ गते राजीनामा दिएपछि तत्कालीन लोसपाका जीतेन्द्र सोनारले विसं २०८१ असोज २९ गते मुख्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभयो ।

जग्गाको कित्ताकाटसँगै घरजग्गा कारोबार चलायमान हुने अपेक्षा

विराटनगर । विराटनगर महानगर पालिको जग्गाको कित्ताकाट खुला भएसँगै घरजग्गाको कारोबार चलायमान हुने अपेक्षा गरिएको छ।

भूउपयोग क्षेत्र वर्गीकरणको प्रक्रिया पूरा गरी महानगरपालिकाले आवश्यक विवरण नापी कार्यालयमा पठाएपछि जग्गाको कित्ताकाट सम्बन्धी काम अघि बढाउन बाटो खुलेको हो। महानगरपालिकाले १९ वटै वडाको भूउपयोग क्षेत्र वर्गीकरणसम्बन्धी अन्तिम प्रतिवेदन तयार गरी कार्यान्वयनका लागि नापी कार्यालय, विराटनगरमा पठाइसकेको छ।

त्यससँगै लामो समयदेखि रोकिँदै आएको कित्ताकाट खुलाउन आवश्यक प्रशासनिक तथा प्राविधिक प्रक्रिया पूरा भएको महानगर पालिकाले जनाएको छ । नगर कार्यपालिकाको कार्यालयले यही कात्तिक २७ गते नापी कार्यालयलाई पत्र पठाउँदै भूउपयोग क्षेत्र वर्गीकरणको विवरण तथा प्रतिवेदन कार्यान्वयन गर्न अनुरोध गरेको हो। नगर कार्यपालिकाको गत असोज २३ गतेको निर्णयअनुसार भूउपयोग परिषद्बाट स्वीकृत आधार तथा मापदण्डका आधारमा तयार पारिएको विवरण नापी कार्यालयमा पठाइएको हो । महानगरपालिकाले वर्गीकरण सम्बन्धी अन्तिम प्रतिवेदन सँगै १९ वटै वडाको विवरण समेटिएको विद्युतीय तथ्याङ्क फाइल र तथ्याङ्क भण्डारण प्रणालीसम्बन्धी आवश्यक कागजातसमेत नापी तथा भूमि प्रशासन कार्यालयमा उपलब्ध गराएको छ। भूउपयोग वर्गीकरणको विवरण आधिकारिक रूपमा सम्बन्धित कार्यालयमा पुगेपछि लामो समयदेखि कित्ताकाट को प्रतीक्षामा रहेका जग्गाधनीलाई राहत मिल्ने अपेक्षा गरिएको छ। कित्ताकाट रोकिँदा प्रभावित हुँदै आएको जग्गा किनबेच, अंशबन्डा, जग्गा छुट्याउने तथा अन्य घरजग्गासम्बन्धी कामको सहजता सगैँ घरजग्गाको कारोबारले गति लिने विश्वास गरिएको छ।

एक महिनाभित्रै भू-सेवा सञ्चालन गर्ने लक्ष्य

कित्ताकाट खुलाउने प्रक्रिया सँगै महानगरपालिकाले जग्गा सम्बन्धी सेवालाई प्रविधिमैत्री र व्यवस्थित बनाउने तयारीसमेत अघि बढाएको छ। महानगर प्रमुख नागेश कोइरालाले आगामी एक महिनाभित्र भू-सेवा सञ्चालनमा ल्याउने लक्ष्यसहित आवश्यक तयारी गरिएको जानकारी दिनुभयो।

प्रमुख कोइरालाका अनुसार भू-सेवा सञ्चालनमा आएपछि जग्गासम्बन्धी प्रशासनिक कामलाई थप व्यवस्थित, पारदर्शी र छिटोछरितो बनाउन सहयोग पुग्नेछ। जिल्लामा रहँदा सेवाग्राहीले अनावश्यक झन्झट र समय खर्च गर्नुपर्ने अवस्था अन्त्य भई प्रविधिको प्रयोगमार्फत सेवा प्रवाह चुस्त तुल्याउने महानगरको योजना रहेको उहाँले बताउनुभयो । महानगरका प्रमुख प्रशासकीय अधिकृत विजयकुमार शर्माले भू-सेवा सञ्चालनको तयारी प्रारम्भिक चरणमा रहेको र त्यसका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक काम अघि बढाइएको बताउनुभयो।

उहाँका अनुसार भू-सेवा प्रणाली सञ्चालनमा आएपछि जग्गासम्बन्धी विवरण व्यवस्थापन, सेवा प्रवाह र प्रशासनिक प्रक्रियामा सहजता आउने विश्वास गरिएको छ। कारोबारले गति लिने अपेक्षा

विराटनगरका १९ वटै वडाको भूउपयोग वर्गीकरण पूरा हुनु र कित्ताकाटको प्रक्रिया खुल्नु महानगर क्षेत्रको घरजग्गा क्षेत्रका लागि महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। कित्ताकाट रोकिँदा जग्गा किनबेच, जग्गा विभाजन तथा अन्य कानुनी प्रक्रियामा समस्या झेल्दै आएका जग्गाधनीलाई यसले राहत दिने महानगरका सूचना अधिकारी अर्जुन थपलियाले बताउनुभयो।

चिलहरियाका बाबु-छोरा एकै चितामा

राँझा (बाँके) । एकै घरका बाबु-छोराको सडक दुर्घटनामा निधन भएपछि बाँकेको राप्ती सोनारी-५ स्थित चिलहरिया गाउँ शोकमग्न भएको छ।

बर्दियाको गुलरियामा आफन्तलाई भेट्न जाँदै गरेका ३४ वर्षीय हुकुमबहादुर खत्री र उनका बुवा ६६ वर्षीय दलबहादुर खत्री सवार मोटरसाइकल गुलरिया-११ लालपुरमा मिनीफोर्स बससँग ठोक्किँदा उहाँहरुको निधन भएको थियो। बाबु-छोराको एकसाथ निधन भएपछि सिङ्गो चिलहरिया गाउँ शोकमग्न भएको स्थानीय जुद्ध पुनले बताउनुभयो । भारतमा रोजगारी गर्दै आउनुभएका उहाँहरु तिहार मनाउन नेपाल फर्कनुभएको थियो। बर्दियाको गुलरियामा छोरी भेट्न जाने क्रममा उक्त घटना भएको थियो। गुलरियाबाट नेपालगञ्ज जाँदै गरेको बा ५ ख ५६०५ नं को मिनि फोर्स गाडी र नेपालगञ्जबाट गुलरियातर्फ गइरहेको भारतीय मोटरसाइकल एक आपसमा ठोकिएको थियो । त्यस सडक दुर्घटनामा बाबु-छोराको ज्यान गएपछि आफन्त र छिमेकी गाउँवासीले दोषीलाई कारवाहीको माग गर्दै नेपालगञ्ज-राजापुर सडक अवरुद्ध पारे पनि सवारीधनी सम्पर्कमा नआएपछि जिल्ला प्रहरी कार्यालयमा जोहरी दर्ता गरेर फर्किएको राप्ती सोनारी गाउँ पालिका-५ का वडाध्यक्ष झगरु थारुले बताउनुभयो।

मृत्यु भएको तीन दिन बित्दासम्म निकाश ननिस्केपछि मुद्दा दर्ता गर्ने सहमतिमा बाबु-छोराको शव आफन्तजनले बुझेका छन् । मृतक बाबु-छोराको आज स्थानीय अगैयाघाटमा दाहसंस्कार गरिएको वडाध्यक्ष थारुले बताउनुभयो।

स्थानीय अगुवा तारा ओलीले चाडपर्वको बेला परदेशबाट घर फर्किएका बाबु-छोरालाई सडकमै गुमाउनुपर्दा सिङ्गो बिनौना वासी नै स्तब्ध र शोकमग्न रहेको प्रतिक्रिया दिनुभयो।

उहाँले सो क्रममा कुराकननी गर्दै भन्नुभयो, "चाडपर्व मनाउन घर फर्किएका बाबु-छोराको अकाल मृत्युले खत्री परिवारको सहारा खोसिएको छ भने असुरक्षित सडक यात्राले फेरि एकपटक ग्रामीण बस्तीमा कहिल्यै निको नहुने घाउ छाडेको छ।"

अध्यक्ष दाहालसँग फ्रान्स-नेपाल संसदीयमैत्री सामूहिक भेट

काठमाडौँ। राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालसँग नेपाल भ्रमणमा रहेका फ्रान्सको संसदीय प्रतिनिधि मण्डलले शिष्टाचार भेटवार्ता गरेको छ।

अध्यक्ष दाहालको कार्यकक्ष, सिंहदरबार स्थित फ्रान्सेली संसद्को तल्लो सदन अन्तर्गतको फ्रान्स-नेपाल संसदीय समूहका अध्यक्ष म्याडम बेआट्रिस पिरोन नेतृत्वको टोलीले शिष्टाचार भेट गरेको अध्यक्ष दाहालको सचिवालयले जनाएको हो। भेटमा दुई देशबीचको कूटनीतिक सम्बन्ध, आपसीहित र संसदीय सहकार्यका विषयमा कुराकानी भएको थियो। सो अवसरमा अध्यक्ष दाहालले संसदीयमैत्री समूहको भ्रमणले द्विपक्षीय तथा संसदीय सम्बन्धलाई थप सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेको समेत बताउनुभयो। नेपाल-फ्रान्स संसदीय सम्बन्ध विस्तारका लागि सङ्घीय संसद्को तर्फबाट आठ सदस्यीय नेपाल-फ्रान्स संसदीयमैत्री समूह गठन गरिएको जानकारी गराउँदै अध्यक्ष दाहालले दुई देशका संसद्को सहकार्य र अनुभव आदानप्रदानले कूटनीतिक सम्बन्ध थप मजबुत हुने विश्वास व्यक्त गर्नुभयो।

गत भदौको विनाशकारी बाढीपछि फ्रान्सेली राष्ट्रपतिको समवेदना सन्देश, फ्रान्सको ऐक्यबद्धता तथा युरोपेली सङ्घ मार्फत उपलब्ध गराइएको मानवीय सहायतापति अध्यक्ष दाहालले आभार व्यक्त गर्नुभयो । उहाँले बाढीमा बेपत्ता भएका चार फ्रान्सेली नागरिकका परिवारप्रति समवेदना व्यक्त गर्दै कठिन परिस्थितिमा फ्रान्सेली सरकारले गरेको सहयोगको प्रशंसा गर्नुभयो।

सो अवसरमा फ्रान्स-नेपाल संसदीयमैत्री समूहकी अध्यक्ष म्याडम बेआट्रिस पिरोनले आफू पहिलोपटक नेपाल भ्रमणमा आएको उल्लेख गर्दै आफू यहाँको वातावरणले निकै प्रभावित भएको कुरा बताउनुभयो।

उहाँले आफूहरुले फ्रान्सको संसद्बाट फ्रान्स-नेपाल संसदीयमैत्री समूह पहिले नै गठन गरिसकेको उल्लेख गर्दै अध्यक्ष पिरोनले मैत्री समूह मार्फत संसदीय अभ्यास आदानप्रदान बढाउनुपर्नेमा जोड दिनुभयो।

हेटौँडाको राप्ती नदी पुल क्षेत्रमा सरसफाइ

बागमती । राप्ती नदीको संरक्षण, स्वच्छता र जैविक विविधता प्रवर्द्धन गर्ने उद्देश्यका साथ 'चौथो राप्ती नदी दिवस-२०८३' का अवसरमा मंगलबार हेटौँडाको राप्ती नदी पुल क्षेत्रस्थित नदी किनारामा सरसफाइ गरिएको छ।

राप्ती नदीको सभ्यताको संरक्षणसँगै यसको स्वच्छतालाई कायम राख्ने उद्देश्यसहित विसं २०८० देखि हरेक वर्ष मङ्सिर १ गते राप्ती नदी दिवस मनाउँदै यसैका सन्दर्भमा मकवानपुरको भीमफेदीदेखि चितवन जिल्लाको गोलालघाटसम्म नदी किनारमा सरसफाइ गर्ने गरिएको डिभिजन वन कार्यालय, मकवानपुरका डिभिजनल वन अधिकृत राकेशप्रसाद चन्द्रवंशीले जानकारी दिनुभयो । डिभिजन वन कार्यालय हेटौँडाको आयोजना एवं हेटौँडा उपमहानगर पालिकाको सहकार्य र सामुदायिक वन उपभोक्ता महासङ्घ, हेटौँडाको समन्वयमा कार्यक्रम आयोजना गरिएको थियो।

"स्वच्छ राप्ती र आदिवासी पहिचान, वन्यजन्तु र जलचर संरक्षण हाम्रो साझा अभियान" नारासहित आयोजित कार्यक्रमअन्तर्गत हेटौँडामा राप्ती नदी पुलमाथि ५०० मिटर तथा तल २०० मिटर क्षेत्रमा सरसफाइ गरिएको उहाँले जानकारी दिनुभयो।

सरसफाइ कार्यक्रममा हिमालयन राइडर्स सोसाइटी, हेटौँडा, साइकल सिटी हेटौँडा, जिल्ला प्रहरी कार्यालय मकवानपुर र सशस्त्र प्रहरी बल १४ नं गण, गोरक्षेश्वर धाम क्षेत्र विकास समिति लगायत संघ संस्थाले सहयोग गरेका थिए। हेटौँडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाले नदी क्षेत्रको सरसफाइमा समाजका सबै क्षेत्र र समुदायको सामूहिक सहकार्य आवश्यक हुनेमा जोड दिनुभयो।

नदी किनारा क्षेत्रलाई सफा बनाइराख्नुपर्छ भन्ने सचेतना अभिवृद्धि गर्नु पनि जरुरी रहेको उहाँले बताउनुभयो । मकवानपुरको भीमफेदी क्षेत्रबाट सुरु भई हेटौँडा, मनहरि र चितवन राष्ट्रिय निकुञ्ज हुँदै पश्चिम चितवनको गोलाघाट स्थित नारायणी नदीमा मिसिने राप्ती नदी अति सङ्कटापन्न घडियाल गोही, दुर्लभ ओत, कछुवा, विभिन्न प्रजातिका माछा तथा रैथाने एवं आगन्तुक चराचुरुङ्गीहरूको महत्वपूर्ण बासस्थान मानिन्छ।

तटीय क्षेत्रमा बसोबास गर्ने आदिवासी समुदायको जीवनयापन, संस्कृति र पहिचानसँग समेत राप्ती नदीको गहिरो सम्बन्ध रहेको छ। नदीमा बढ्दो मानवीय चाप र प्लास्टिकजन्य फोहोरको प्रदूषण न्यूनीकरण गरी जलचर तथा वन्यजन्तुको बासस्थान सुरक्षित राख्न हरेक वर्ष मङ्सिर १ गते राप्ती नदी दिवस मनाउँदै आइएको छ। राप्ती नदीको मुहान मकवानपुरमा रहेका कारण मुहानदेखि नै यसको सरसफाइ ध्यान दिनु आवश्यक रहेको हिमालयन राइडर्स सोसाइटी हेटौँडाका अध्यक्ष राजु थापा मगर बताउनुहुन्छ।

"वर्षमा एक दिन दिवसका रुपमा मात्र नभइ ३६५ दिन नै नदी किनारा क्षेत्रमा फोहर फाल्न नदिने गरी सामुदायिक सचेतना जगाउनु पनि अपरिहार्य छ", ।

उहाँले भन्नुभयो, "नदीको स्वच्छता पर्यवरणको संरक्षणमा पनि उत्तिकै अपरिहार्य भएको हुँदा यसतर्फ सबैको सामूहिक प्रयास र सहकार्य आवश्यक छ।"

ज्येष्ठ नागरिकको आश्रयस्थल बन्दै निलसागर

बाँके । निलसागर आश्रम ज्येष्ठ नागरिकको आश्रयस्थल बनेको छ। उक्त आश्रयस्थल नेपालगञ्ज उपमहानगर पालिका-९ मा पर्छ। बढैयाताल गाउँपालिकाकी सरिता खनालले सो आश्रम निर्माण गर्नुभएको थियो। सडक दुर्घटनामा भाईको निधन भएपछि भाईको सम्झनामा उक्त आश्रयस्थल विसं २०७३ मा निर्माण गरिएको हो।

बागेश्वरी मन्दिर परिसर बाट एक जना वृद्ध बाको उद्धार गरेर सुरु गरिएको आश्रममा हाल ६४५ जना अभिभावकविहीन बालबालिका तथा ज्येष्ठ नागरिक लाई राखिएको आश्रमका मानार्थ सदस्य यमकान्त खनालले जानकारी दिनुभयो । आश्रममा बा, आमा र वृद्धलाई मात्र राख्ने भनेर सेवा भाव राखिएको थियो तर पछि सडकमै गर्भवती महिला भेटिन थालेपछि "निलसागर खुसी बालग्राम" नामकरण गरेर बालबालिकाको उद्धार गरिएको उहाँले बताउनुभयो। खनालले आश्रममा बस्ने क्रममा वृद्ध तथा वृद्धा ३०० बुवाआमाको निधन भइसकेको र उहाँहरुको अन्त्येष्टि पनि आश्रमबाट भएको जानकारी दिनुभयो । आश्रममा बालबालिकासहित २४५ जना अशक्त हुनुहुन्छ । जसमध्ये बालबालिकाको सङ्ख्या ८५ छ । आश्रममा सबैभन्दा कान्छो एक महिनाको शिशु हुनुहुन्छ। शिशुको विधिवत न्वारन गरेर आश्रममा स्वागत गरिएको थियो। यहाँ रहेका अधिकांश बालबालिका नेपालगञ्ज का प्रतिष्ठित निजी विद्यालयमा अध्ययन गरिरहेको उल्लेख गर्दै निलसागर आश्रमले छात्रवृति कोषमार्फत अध्ययन गरिरहेको जनाएको छ । खनालले कतिपय बालबालिका छुटमा पनि निजी विद्यालयमा अध्ययन गरेको र जसले निजी विद्यालय अध्ययन गर्न सक्दैनन उनीहरुले सरकारी विद्यालयमा अध्ययन गरिरहेको बताउनुभयो।

उहाँले १० वर्षसम्म पनि भाडाको भवनमा बस्न परेको गुनासो गर्दै आश्रमलाई कुनै प्रकारको सहयोग नभएको बताउनु भयो । त्यहाँ बसेको भाडा मात्रै मासिक रु ५० हजार रहेको छ। "हामीले आफ्नै भवन बनाइरहेका छौं, तर पैसाको अभावले पूरा हुन पाएको छैन, खनालले भन्नुभयो।", सो भवन नेपालगञ्ज उपमहानगर पालिका-६ मा निर्माणाधीन अवस्थामा छ। खनालले कोहलपुर र नेपालगञ्जको बिजुली र खानेपानीसहित आवास भाडा मात्रै मासिक करिब रु दुई लाख खर्च हुने जानकारी दिँदै आश्रमको शाखा कार्यालय, दाङ, पोखरा, पाल्पा लगायत जिल्लामा रहेका छन् । उपमहानगरपालिकाले वार्षिक रु छ लाख छुट्टाए पनि सो रकम पर्याप्त नभएको उल्लेख गर्दै वृद्ध, बुवा, आमाले सेवन गर्ने औषधिमा दैनिक रु दुई हजार खर्च हुने गरेको बताउनुभयो । "यो आश्रम जसरी चलिरहेको छ, कुनै विदेशी दातृ निकायबाट सहयोग लिएका छैनौं र कुनै प्रकारको त्यस्तो ठूलो सहयोग पनि लिएका छैनौं, फराकिला मन भएका संस्था वा व्यक्तिले दिएको सहयोगबाट आश्रम सञ्चालन गरिरहेका छौं", खनालले भन्नुभयो। यति मात्रै होइन, विदेशमा रहनुभएका नेपालगञ्जका व्यक्तित्व, जन्मदिन मनाउने व्यक्तित्व, खास तीथि, वैवाहिक वर्षगाँठमा हुने उत्सव लगायतका विभिन्न कार्यक्रम बाट प्राप्त रकम तथा भोजन खुवाएर आश्रम चलिरहेको उहाँको भनाइ छ। एक एक कोठा निर्माण गरेर भवन निर्माण भइरहेको र पर्याप्त रकमको अभावले भवन निर्माणको काम पनि अहिले रोकिएको जानकारी दिँदै खनालले नेपालगञ्जका खास खास चिकित्सक बाट वृद्धवृद्धाको स्वास्थ्य जाँच निःशुल्क गरिएको बताउनुभयो।

नेप्से परिसूचक दोहोरो अंकले घट्यो

काठमाडौं। धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार दोहोरो अङ्कले घटेको छ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १२ दशमलव ७९ अङ्कले घटेर दुई हजार ६३६ दशमलव १० मा पुगेको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३२ अङ्कले घटेर ४७७ दशमलव २१ मा पुगेको छ। त्यस्तै, फ्लोट सूचक शून्य दशमलव ८३ अङ्कले घटेर १८२ दशमलव ७७ मा पुगेको छ।

त्यस्तै, सेन्सेटिभ फ्लोट सूचक शून्य दशमलव ७३ अङ्कले घटेर १६१ दशमलव ७६ मा पुगेको छ। आज विभिन्न कम्पनीका एक करोड १२ लाख ९३ हजार ४५० कित्ता सेयर रु चार अर्ब ७३ करोड ११ लाख ७८ हजार १७ मूल्यमा खरिद बिक्री भएको छ। तेह्र उपसमूहमध्ये १२ उपसमूह घट्यो भने एक उपसमूह बढेको छ।

मंगलबार ८६ कम्पनीको सेयर बढ्यो भने १८५ कम्पनीको सेयर घट्यो। त्यसैगरी नौ कम्पनीको सेयर स्थिर रह्यो।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com